# पर्सागढी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
हरपुर, पर्सा
मधेश प्रदेश, नेपाल

पत्र संख्या नं : २०८२/०८३ मिति :२०८२/१२/२०

चलानी नं :

**विषय :- लागत साझेदारी रकम दाखिला गर्ने सूचनाको म्याद थप गरिएको सम्बन्धमा ।**

उपर्युक्त विषयमा यस पर्सागढी नगरपालिकाको कार्यालय हरपुर, पर्साको आ.व. २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार कृषि सिचाई आयोजना (तराई–मधेश समृद्धि कार्यक्रम/नेपाल सरकार) अन्तर्गत बोरिङ्ग जडान कार्यका लागि २०८२/०८/२६ गतेको प्रथम पटक प्रकाशित सूचना र मिति २०८२/०९/१७ गतेको म्याद थप सूचना अनुसार यस नगरपालिकामा प्रस्ताव पेश गरेका १९९ कृषकहरुलाई जानकारी प्रयोजनार्थ यो सूचना प्रकाशन गरिएको छ। उक्त कार्यक्रम संचालन गर्न आवश्यक लागत साझेदारी अन्तर्गत कृषकले लागत अनुमानको १५% रकम अग्रिम रुपमा यस पर्सागढी नगरपालिकाको धरौटी खातामा दाखिला गर्नु पर्ने भएकोले देहाय बमोजिमको प्रकृया अपनाई २०८२ चेत्र ३० गते भित्र रकम जम्मा गरि सक्कल भौचर साथ यस कार्यालयको कृषि शाखामा सम्पर्क गर्नु हुन अनुरोध छ।

**दाखिला सम्बन्धी विवरण :**

- दाखिला गर्नु पर्ने रकम : स्वीकृत लागतको १५% ले हुन आउने रकम रु ३२०००।-(बत्तीस हजार मात्र)
- खाताको नाम : पर्सागढी न.पा.,(ग–३) धरौटी खाता
- खाता नं. : ०६३०१००२००००००३ (सानिमा बैंक, पर्सागढी शाखा)
- रकम दाखिला गरी सक्कल भौचर पेश गर्ने अन्तिम मिति : २०८२/१२/३० गते सम्म

**पुनश्चः**

१. बाकी शर्तहरु साविक सुचनानुसार नै लागु हुनेछ ।

२.निर्माण व्यवसायीले कुल लागतको ३२.६५ प्रतिशत घटी कबोल गरेकोले हाल लागत सहभागिता शुल्कमा सवै लाभग्राहीलाई सोही अनुपातमा मिति२०८३ असार मसान्त पछी अनिवार्य रकम फिर्ता गरिनेछ ।

३. थप जानकारकिो लागि यस कार्यालयको कृषि शाखामा सम्पर्क गर्न सकिनेछ।

१२/२०
राजु प्रसाद साह
(प्रमुख प्रशासकीय अधिकृत)

राजु प्रसाद साह
प्रमुख प्रशासकीय अधिकृत
उपसचिव

फोन :+९७७ -९८५५०११११२ इमेल parsagadhimun2075@gmail.com,info@parsagadhimun.gov.np

Scanned with CamScanner